# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# अदानचुली गाउँपालिका
# हुम्ला




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने ।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

देशमा स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| स्वतन्त्रता | (Independence) |
| निष्ठा | (Integrity) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |
| व्यावसायिकता | (Professionalism) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजू उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७८।७९
च.नं. १०५

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्ष ज्यू,
अदानचुली गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
हुम्ला ।

**कैफियत सहितको राय**

हामीले अदानचुली गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. अदानचुली गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पुर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.८ करोड ७१ लाख २९ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.७४ लाख ८६ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.२ करोड २८ लाख ३ हजार, नियमित गर्नुपर्ने रू.१ करोड ८५ लाख ५२ हजार र पेश्की रू.३ करोड ८२ लाख ८८ हजार रहेको छ ।पालिकाको गतवर्ष रु.७ करोड ५१ लाख ४२ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु. १६ करोड २२ लाख ७१ हजार रहेको छ । अदानचुली गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. अदानचुली गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ।नगर/गाउँ कार्यपालिका, नगरप्रमुख/अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत नगरपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(शंकर प्रसाद पन्थी)
नायब महालेखापरीक्षक

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oag.gov.np

अदानचुली गाउँपालिका, हुम्लाको

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ४४ | ३८ | ८७१२९ | ० | ० | ० | ४४ | ३८ | ८७१२९ | ७४८६ | १८५५२ | २२८०३ | ० | ० | ४१३५५ | ३८२८८ |

## अद्यावधिक बेरुजू स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फछ्र्यौट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| हुम्ला | ७५१४२ | ० | ० | ७५१४२ | ० | ८७१२९ | १६२२७१ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : अदानचुली गाउँपालिका, हुम्ला , अडानचुली गाउँपालिका , हुम्ला

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | टक्कदत्त प्याकुरेल | २०७७-४-१ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | दत्त थापा | २०७७-४-१ | |
| | | **बेरुजु रकम** | ८७,१२९,२६० |

स्थानीय तह :

| **गत बर्षको जिम्मेवारी** | | १,८४,२१,००० | |
|---|---|---|---|
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | १९,०३,०१,०६३ | **चालु खर्च** | १९,९७,२९,७८२ |
| **प्रदेश सरकारबाट अनुदान** | ४,४४,८७,१३३ | **पूँजीगत खर्च** | ५,८९,१२,७६५ |
| **राजश्व बाँडफाँट** | ३,४९,९०,९२६.२७ | **वित्तीय/अन्य व्यवस्था** | १०,००,०३,३७२ |
| **आन्तरिक आय** | २,८२,००० | | |
| **अन्य आय** | ७,४६,०९,५०९ | | |
| **कुल आय** | ३४,४६,७०,६३१.२७ | **कुल खर्च** | ३५,८६,४५,९१९ |
| **बाँकी मौज्दात** | | १,४४,३६,३७३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचय तथा वित्तीय विवरण विश्लेषण**<br>**परिचय** – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस गाउँपालिका अन्तर्गत ६ वडा, ३४ सभा सदस्य, १५१ वर्ग किलोमिटर क्षेत्रफल तथा १० हजार ११६ जनसंख्या रहेको छ ।<br><br>लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८।१०।२५ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् :<br><br>**स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस पालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७७।७८ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | सि.नं | व्ययतर्फ | |
|---|---|---|---|---|---|
| | **विवरण** | **रकम** | | **विवरण** | **रकम** |
| **१** | गत वर्षको जिम्मेवारी | | **१** | चालु खर्च | १९९७२९७८२ |
| | क) नगद | 0 | **२** | पूँजीगत खर्च | ५८९१२७६५ |
| | ख) बैंक | १८४२१००० | **३** | धरौटी फिर्ता | १९०००० |
| **२** | राजस्व ( आन्तरिक आय) | | 4 | मौज्दात | |
| | क) आन्तरिक राजस्व | २८२००० | | क) बैंक मौज्दात | १२१५०५५२ |
| | ख) राजस्व बाँडफाँड | ३४९९०९२६०२७ | | ख) नगद मौज्दात | |
| | ग) अन्य आय | ० | ५ | धरौटी मौज्दात | २२८५८२०°८० |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | **३** | वित्तिय हस्तान्तरण संघ | | ६ | शसर्त अनुदान फिर्ता | २७३६३१९० | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ५०७३१७९३ | ७ | मुख्यम्त्री रोजगार आय आर्जन गा°पा मार्फत | ६७१६८७० | |
| | | | | ख) सशर्त अनुदान | १३९५६९२७० | ८ | मुख्यम्त्री रोजगार आय आर्जन खानेपानी सिचाई तथा उर्जा कार्यालय मार्फत | ७५८६००० | |
| | | | | ग) समपूरक अनुदान | ० | ९ | मुख्यम्त्री रोजगार आय आर्जन पूर्वाधार विकास कार्यालय मार्फत | ११६६०००० | |
| | | | | घ) विशेष अनुदान | ९९९०६६१ | १० | मुख्यम्त्री रोजगार आय आर्जन सामाजिक विकास कार्यालय मार्फत | ३८७९००० | |
| | | | **४** | प्रदेश सरकारबाट प्राप्त अनुदान | | ११ | सामाजिक विकास मन्त्रालय चालु | १०००००० | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | १०१२८००० | १२ | सामाजिक विकास मन्त्रालय पुजीगत | २६९९९८१ | |
| | | | | ख) सशर्त अनुदान | ८५००००० | ११३ | सामाजिक सुरक्षा तथा संरक्षण | ३८२८८३३१ | |
| | | | | ग) समपुरक अनुदान | ११०१८००० | १४ | स्थानिय पुर्वाधार विकास साझेदारी | ३५०००० | |
| | | | | घ) समपुरक अनुदान अपुरा | ६६१५२१५ | | | | |
| | | | | ङ) विशेष अनुदान | ८२२५९१८ | | | | |
| | | | **५** | धरौटी आय | १०२४७५०°७९ | | | | |
| | | | | धरौटी अल्या | ११३४५७६ | | | | |
| | | | **६** | मुख्यम्त्री रोजगार आय आर्जन गा पा मार्फत | ६७१६८७० | | | | |
| | | | **८** | मुख्यम्त्री रोजगार आय आर्जन खानेपानी सिचाई तथा उर्जा कार्यालय मार्फत | ७५८६००० | | | | |
| | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| **९** | मुख्यमन्त्री रोजगार आय आर्जन पूर्वाधार विकास कार्यालय मार्फत | ११६६०००० | | | |
| **१०** | मुख्यमन्त्री रोजगार आय आर्जन सामाजिक विकास कार्यालय मार्फत | ३८७९००० | | | |
| **११** | सामाजिक विकास मन्त्रालय चालु | १०००००० | | | |
| **१२** | सामाजिक विकास मन्त्रालय पुजीगत | २६९९९८१ | | | |
| **१३** | सामाजिक सुरक्षा तथा संरक्षण | ३८२८८३३१ | | | |
| **१४** | स्थानिय पुर्वाधार विकास साझेदारी | ३५०००० | | | |
| | जम्मा | **३७३०८२२९२** | | **जम्मा** | **३७३०८२२९२** |

**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्

- स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।
- बैंक नगदी कितावमा महिनै पिच्छे जोड जम्मा गरेको देखिएन ।
- पेश्कीको विवरण देखिने गरी पेश्की खातामा राखेको छैन । यसबाट पेश्की भए नभएको एकिन गर्न सकिएन ।
- स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.११७८९३४१२.०० ले फरक देखिएको छ ।
- लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।

त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२</td><td></td><td></td><td>
बैक हिसाब मिलान नगरेको –<br>
स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण श्रेस्ता भन्दा वैंकमा रु.११७८९३४१२।०० वढी देखिएकोले निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्दछ ।
<table>
<tr><th>सि.नं.</th><th>खाताको नाम</th><th>श्रेस्ता अनुसार बाँकी</th><th>बैंक स्टेटमेण्ट अनुसार बाँकी</th><th>फरक</th></tr>
<tr><td>१</td><td>संचित कोष</td><td>७९४७९७।००</td><td>७९४७९७।००</td><td>०</td></tr>
<tr><td>२</td><td>पुजिगत खर्च खाता</td><td>४३३२१५८।००</td><td>८०२९९३२८।००</td><td>७५९६७१७०।००</td></tr>
<tr><td>३</td><td>चालु खर्च खाता</td><td>३४३८६४८७।००</td><td>७६३१२७२९।००</td><td>४१९२६२४२।००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३९५१३४४२।००</td><td>१५७४०६८५४।००</td><td>११७८९३४१२।००</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>३</td><td></td><td></td><td>
आन्तरिक नियन्त्रण प्रणालीः<br>
स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।
<ul>
<li>स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।</li>
<li>पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची 14 वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।</li>
<li>पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।</li>
<li>अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।</li>
<li>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।</li>
<li>विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।</li>
<li>पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो</li>
<li>वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।</li>
</ul>
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• मुल्य अभिवृद्धि कर नियमावली २०53 को नियम 6 क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br>• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन।<br>• कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाइएन ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 13 वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३० जनाको दरबन्दी रहेकोमा २० दरबन्दी रिक्त रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br>• मन्त्रालयको २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा पालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **सम्पत्ति हस्तान्तरण :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ५ | | | **बजेट पेश, पारित र अख्तियारी -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । पालिकाले पेश गरेको विवरण अनुसार यस स्थानीय तहमा उपाध्यक्ष श्री सौमती रावलले रु.३००६३२११०.०० को बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।३।३० मा पारित भएको तथा स्थानीय तहका प्रमुखले २०७७।०४।०१ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको विवरण पेश गरे तापनि वजेट किताव पेश नगरेको तथा आयको अनुमान एकिकृत आयव्यय अनुसार नै पेश गरेको देखिएकोले उक्त विवरण वास्तविक नभइ अनुमान गरि विवरण पेश गरेको देखियो । | |
| ६ | | | **अबण्डा बजेट –**<br>**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले वजेट किताव तथा निर्णय पुस्तिका पेश नगरेकोले अवण्डा वजेट भए नभएको एकिन गर्न सकिएन ।** | |
| ७ | | | **बजेट सीमा निर्धारण समिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ८ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।** | |
| ९ | | | **चौमासिक पूँजीगत खर्चः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्त्व नियमावली, २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार प्रथम चौमासिकमा १८.०६ प्रतिशत, दोश्रो चौमासिकमा ३१.९४ प्रतिशत र तेश्रो चौमासिकमा रु २५ प्रतिशत खर्च गरेको विवरण पेश गरेको छ । तर भौचर परिक्षण गर्दा अधिकांश खर्च अषाढ महिनामा नै खर्च भएको देखिन्छ साथै वैंक नगदी किताव समेत जोड जम्मा नगरेकोले पेश गरेको विवरण विश्वस्नीय देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ । | |
| १० | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाले पेश गरेको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थितिको विवरण अनुसार सवै क्षेत्रमा १६.६८ प्रतिशत गरि वरावर खर्च भएको विवरण पेश गरेकोले उक्त विवरण विश्वसनिय देखिएन । | |
| ११ | | | **खर्च बिश्लेषणः**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु-२८२०००-०० राजस्व बाँडफाँड र अनुदानबाट रु-२७९७६९७८३-२७ समेत रु २८००५१७८३।२७ आम्दानी भएकोमा चालु तर्फ रु-१९९७२९७८२-०० र पूँजिगत तर्फ रु-५८९१२७६५-०० समेत रु-२५८६४२५४७-०० खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०-१०९ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु.६६३१५००.०० खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ७१-३२ प्रतिशत चालु र २८-६८ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ । | |
| १२ | | | **लक्ष्य प्रगति :**<br>कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाइ जिम्मेवार बनाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २९ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म ३ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रमुख प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |
| १४ | | | **कर्मचारी करार –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । तर पालिकाले विभिन्न ११ पदमा ५६ जना कर्मचारीहरु करारमा राखि रु.१०१९७४८०.०० खर्च लेखेको छ । त्यसैगरी सोही ऐनको २०७४ को दफा ८३(८) वमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैंचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न ८ पदमा २६ जना करार नियुक्ति गरी बर्षभरीमा रु.५९४९४८०.०० भुक्तानी गरेको अनियमित दिखएको रु. | ५,९४९,४८० |
| १५ | | | **कल्याण कोष –**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले कल्याण कोषको व्यवस्था हाल सम्म नगरेको जानकारी गराएको छ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>

**कर्मचारी प्रोत्साहन भत्ता** -

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई अर्थ मन्त्रालयको स्वीकृती वेगर यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता वापत निम्न कर्मचारीहरुलाई तलब स्केलको ४० प्रतिशतले हुने रकम भुक्तानी गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.

<table>
<tr><th>सि नं</th><th>कर्मचारीको नाम</th><th>पद</th><th>जम्मा भत्ता</th><th>कर कट्टि</th><th>खुद भुक्तानी</th></tr>
<tr><td>१</td><td>टक दत्त प्याकुरेल</td><td>नि प्र प्र अ</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>२</td><td>दत्त बहादुर थापा</td><td>लेखा प्रमुख</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>३</td><td>हंश महतारा</td><td>स्वास्थ्य संयोजक</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>४</td><td>विनिता महतारा</td><td>कृषि शाखा प्रमुख</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>५</td><td>महरध्वज शाही</td><td>इन्जिनियर</td><td>१७२७५२/-</td><td>२५९२३/-</td><td>१४६८३९/-</td></tr>
<tr><td>६</td><td>सुरेन्द्र फडेरा</td><td>सुचना अधिकृत</td><td>१७२७५२/-</td><td>२५९२३/-</td><td>१४६८३९/-</td></tr>
<tr><td>७</td><td>मंगल भण्डारी</td><td>योजना प्रमुख</td><td>१२७७२८/-</td><td>१९१५९/-</td><td>१०८५६९/-</td></tr>
<tr><td>८</td><td>अशोक भण्डारी</td><td>एम आइ एस अप्रेटर</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>९</td><td>वीर बहादुर थापा</td><td>रोजगार संयोजक</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td>१०</td><td>देवराज धमला</td><td>पशु शाखा प्रमुख</td><td>१२७७२८/-</td><td>१९१५९/-</td><td>१०८५६९/-</td></tr>
<tr><td>११</td><td>कालु भियाल</td><td>मेडेप प्रमुख</td><td>१३५३६०/-</td><td>२०३०४/-</td><td>११५०५६/-</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५४८४८०/-</td><td>२३२२७२/-</td><td>१३१६२०८/-</td></tr>
</table>

</td><td>१,५४८,४८०</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १७ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १८ | | | **वडा सचिवको पदपूर्ति :**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी ६ रहेकोमा सवै रिक्त रहेकोले पालिकाले करारमा नियुक्त गरि वडा संचालन गरेको छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ६ ; वड सचिवको दरबन्दी: ६ ; वडा सचिवको पदपूर्ति: ० ; रिक्त वडा सचिव: ६ | |

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ६ | ६ | ० | ६ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **सेवाप्रवाहको स्थिति :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण पेश गरेको छ : | |

| **विवरण** | **जम्मा** |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ४३७ |
| मृत्युदर्ता | ३७ |
| बसाईसराई दर्ता | ३० |
| विवाह दर्ता | २३ |
| सम्बन्धविच्छेद दर्ता | ० |
| **पूर्वाधार विकास सडक निर्माण** | |
| कालोपत्रे सडक निर्माण | ० |
| कालोपत्रे सडक मर्मत | ० |
| ग्राभेल सडक निर्माण | ३ |
| ग्राभेल सडक मर्मत | १ |

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२०</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन :<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०76÷77 को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।<br><table><tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr><tr><td>0</td><td>0</td><td>१</td><td>१२</td><td>२९</td><td>४२</td></tr></table><br>उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.२ लाख देखि १ करोड ६५ लाख सम्मका जम्मा ४२ वटा योजना संचालन भएको छ । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>२१</td><td></td><td></td><td>कानून र सञ्चालन स्थिति –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु वनाएको मौखिक जानकारी दिए पनि पालिकाले हालसम्म के कति कानून निर्माण गरेको हो सोको विवरण पेश गरेको छैन ।</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>न्यायीक समिति –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको ७ गरी कुल १३ विवाद दर्ता भएकोमा सवै फछ्र्यौट भएको देखिन्छ ।</td><td></td></tr>
<tr><td>२३</td><td></td><td></td><td>आन्तरिक लेखापरीक्षण -<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु पर्ने उल्लेख छ । तर गाउँपालिकाले यस वर्षको आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन । तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २४ | | | **आन्तरिक लेखापरीक्षण शाखा :**<br>प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । आन्तरिक लेखापरीक्षण शाखा पनि नभएको अवस्थामा आन्तरिक लेखापरीक्षण गर्न कोष तथा लेखा नियन्त्रक कार्यालयलाई अनुरोध समेत गरेको देखिएन । तसर्थ यस पालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ । | |
| २५ | | | **सल्लाहकार –**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकीय सचिव/सल्लाहकार राख्न पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३(८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्ननहुने उल्लेख छ । तर गाउँपालिकामा सल्लाहकारको रुपमा श्री मदन फडेरालाई नियुक्त गरी यस वर्ष रु.३९६५००.०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु. | ३९६,५०० |
| २६ | १४२ | २०७८-३-१४ | **पदाधिकारी अन्य सुविधा –**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ दफा १५ मा स्थानीय तहका पदाधिकारीहरुले यस ऐनले निर्धारण गरेको सुविधा बाहेक अन्य सुवाधा नपाउने उल्लेख छ ।त्यस्तै ऐनको अनुसची २ को द्रस्टव्यमा सरकारी सवारी साधन प्रयोग गर्ने गाउँपालिका अध्यक्ष तथा उपाध्यक्षले यातायात खर्चवापतको मासिक रु १२०००।०० पाउने देखिदैन। पालिका अध्यक्ष तथा उपाध्यक्षले गाउँपालिकामा रहेको सवारी साधन प्रयोग गरी यातायात वापत मासिक रु.१२०००.०० का दरले भुक्तानी गरेकोले थप व्ययभार पारेको रु. | ४०८,००० |

| भौचर नं | पदाधिकारी | भुक्तानी रकम | कर कट्टि | भुक्तानी रकम |
|---|---|---|---|---|
| ४१ | अध्यक्ष श्री दल फडेरा | १४४०००।०० | १४४०।०० | १४२५६०।०० |
| | उपाध्यक्ष श्री सौमती रावल ऐरी | १४४०००।०० | १४४०।०० | १४२५६०।०० |
| २५१ | अध्यक्ष श्री दल फडेरा | ३६०००।०० | ३६०।०० | ३५६४०।०० |
| | उपाध्यक्ष श्री सौमती रावल ऐरी | ३६०००।०० | ३६०।०० | ३५६४०।०० |
| १९० | अध्यक्ष श्री दल फडेरा | २४०००।०० | २४०।०० | २३७६०।०० |
| | उपाध्यक्ष श्री सौमती रावल ऐरी | २४०००।०० | २४०।०० | २३७६०।०० |
| | **जम्मा** | **४०८०००।००** | **४०८०।००** | **४०३९२०।००** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२७</td><td></td><td></td><td>स्थानीय तहका पदाधिकारी सुविधा :<br>नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७७ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट रु.६६३१५००.०० सुविधा वापत भुक्तानी भएको छ ।</td><td></td></tr>
<tr><td>२८</td><td></td><td></td><td>पदाधिकारी भ्रमण -<br>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा समवन्धि ऐन 2077 को दफा ३ को अनुसुची २ को द्रष्टब्यमा सरकारी कामकाजको लागि जिल्ला बाहिर भ्रमण गरेको अवस्थामा मात्र दैनिक भ्रमण भत्ता पाउने उल्लेख छ । तर पालिकाका निम्न पदाधिकारीहलाई जिल्लाभित्र सुविधाको रुमपा दैनिक भत्ता वापत भुक्तानी गरेको देखिएकोले सो खर्च लेख्नपाउने आधारप्रमाण नभएकोले सम्वन्धितवाट उक्त रकम असूल हुनुपर्ने रु.
<table>
<tr><th>भौचर नं</th><th>पदाधिकारीको नाम, पद</th><th>भ्रमण अवधि</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>३०७।०७८।३।३१</td><td>सदस्य पम्फा शाही</td><td>३।१-३।७</td><td>८२५०.००</td></tr>
<tr><td>३०४।०७८।३।३१</td><td>उपध्यक्ष सौमती रावल ऐरी</td><td>३।१०-३।१७</td><td>१००००.००</td></tr>
<tr><td></td><td>उपध्यक्ष सौमती रावल ऐरी</td><td>१।२-१।९</td><td>१००००.००</td></tr>
<tr><td></td><td>सदस्य श्री मान ब टमाटा</td><td>३।२२-३।२९</td><td>९७५०.००</td></tr>
<tr><td></td><td>सदस्य श्री मान ब टमाटा</td><td>३।७-३।१३</td><td>९३००.००</td></tr>
<tr><td></td><td>सदस्य श्री मान ब टमाटा</td><td>३।१४-३।२०</td><td>९३००.००</td></tr>
<tr><td></td><td>सदस्य श्री मान ब टमाटा</td><td>३।२१-३।२७</td><td>९३००.००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>६५९००.००</td></tr>
</table></td><td>६५,९००</td></tr>
<tr><td>२९</td><td></td><td></td><td>खाना तथा विविध खर्च –<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले खर्चको फाटवारी पेश नगरेको तथा माग भएको विवरणमा समेत उल्लेख नगरेकोले यस वर्ष खाना तथा विविधतर्फ कति खर्च भएको हो । सोको विवरणको विश्लेषण गर्न सकिएन ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३० | | | **अनुदान फिर्ता –**<br>संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण अनुसार २०७८ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको जनाएको छ । तर पालिकाले सुत्रको (सुत्रको अनुसूची १२ र २१) प्रयोग नगरेकोले पेश गरेको विवरण ठिक हो भन्न सकिएन । | |

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | फिर्ता रकम | बाँकी रकम |
|---|---|---|---|---|---|
| **संघीय सरकार** | शसर्त | १३९५६९२७० | ११२२०६०८० | २७३६३१९० | ० |
| | विषेश | ९९९०६६१ | ९९९०६६१ | ० | ० |
| | समपुरक | ० | ० | ० | ० |
| | अन्य | ० | ० | ० | ० |
| **प्रदेश सरकार** | शसर्त | ८५००००० | ८५००००० | ० | ० |
| | विषेश | ८२२५९१८ | ८२२५९१८ | ० | ० |
| | समपुरक | १७६३३२१५ | १७६३३२१५ | ० | ० |
| | अन्य | २१५९३२७।८ | २१५९३२७।८ | ० | ० |
| | **जम्मा** | **१८६०७८३९०।८०** | **१५८७१५२००।८०** | २७३६३१९० | **०** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.५८९१२७६५.०० पूँजीगत खर्चा/ खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **आयको अनुमानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.१००००००.०० प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.२८२०००.०० अर्थात अनुमान भन्दा ७१.८० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |
| ३३ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ । | |

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २५८६४२५४७-०० | २८२०००.०० | ०.१०९ |

| | | | | |
|---|---|---|---|---|
| | | | उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.१०९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३४ | | | **रितपूर्बकको कर बिजक –**<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १४ बमोजिम मूल्य अभिवृद्धि करमा दर्ता भएका फर्मसँग तोकीएको ढाँचाको कर वीजक लिई खरिद गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले रित पूर्कको कर वीजक बेगर देहायका निर्माण व्यवसायीबाट मु.अ.कर समेत निर्माण व्यवसायीलाई भुक्तानी गरेको छ । तसर्थ उक्त सप्लायर्स तथा निर्माण व्यवसासयिले रितपूर्वकको कर बिजक वेगर पालिकाबाट मूल्य अभिवृद्धि कर वापत रु.१२६१७५६/- को ५० प्रतिशत रु.६३०८७८/- भुक्तानी लिएकोले मू.अ.कर आन्तरिक राजस्व कार्यालयमा पेश गरेको प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम असूल गर्नुपर्ने रु. | ६३०,८७८ |

| भौचर नं | योजनाको नाम | निर्माण व्यवसायी | भुक्तानी रकम | मूल्य अभिवृद्धि कर रकम | कैफियत |
|---|---|---|---|---|---|
| ५।०७८।३।३० | दोगडी देखी ठाडा काट्ने वृहत सिंचाइ | श्री आर के विल्डर्स | ६७६२३६७।७२ | ७७७९७२।०० | कम्प्यूटर प्रिन्ट बिजक तथा विजक नं उल्लेख नभएको |
| ६।०७८।३।३० | स्वास्थ्य सेवा भवन | नमूलि निर्माण सेवा | ४२०५२०९।०० | ४८३७८४।०० | फोटोकपी बील तथा विजक नं उल्लेख नभएको |
| जम्मा | | | | १२६१७५६/- | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३५ | | | **सशर्त कार्यक्रमतर्फ शिक्षा तलवि प्रतिबेदन –**<br>शिक्षा सेवा ऐन, २०२८ बमोजिम स्थानीय तह अन्तरगतका शिक्षकहरुको बार्षिक तलबी प्रतिबेदन शिक्षक किताव खानाबाट पारीत गराई तलब खर्च लेख्नुपर्नेमा पालिकाले यस स्थानीय तह का शिक्षकहरुको तलबी प्रतिवेदन पारीत नगरी तलव खर्च लेखेको छ । ऐनको व्यवस्था वमोजिम तलवी प्रतिबेदन पारित गरेर मात्र तलब खर्च लेख्नुपर्दछ । पालिकाले यस आ.ब.मा विभिन्न विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीहरुको तलबी प्रतिवेदन पारित नगरी रु.४,०५,९७,८६५।०० तलब खर्च लेखेको पाइएकोले कुन कुन शिक्षकले के कति सेवा सुविधा एवं ग्रेड रकम पाउने हो यकिन गर्न सकिएन । अतः ऐनमा भएको व्यवस्था अनुरुपको तलबी प्रतिवेदन पारित गरेर मात्रै सोको आधारमा तलब खर्च लेख्नुपर्ने देखिन्छ । | |
| ३६ | ११ | २०७८-३-३१ | **निशुल्क छात्रवृत्ति वितरणः**<br>कार्यक्रम कार्यन्वयन पुस्तीका २०७७।०७८ को क्रियाकलाप न ७.२.१.१ मा सार्वजनिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुका लागि छात्रवृति (आवासीय तथा गैरआवासीय) को व्यवस्था भएबमोजिम छात्रा छात्रवृत्ति कक्षा १-८ कर्णाली प्याकेज समेत (गैर आवासीय) हकमा १-५ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु.१००० र कक्षा ६-८ मा अध्ययनरत छात्राहरुका लागि वार्षिक रु.१५०० का दरले र दलित छात्रवृत्तितर्फ रु.४०० का दरले प्रदान गर्ने व्यवस्था छ । IEMIS मा प्रविष्ट तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग सत्यापान गराई शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा विद्यालयहरुलाई छात्रवृत्ति रकम अनुदान दिनुपर्नेमा यी प्रमाण वेगर रु.१५,३८,०००।०० निकासा अनुदान दिएकाले नियमसम्मत नदेखिएको रु. | १,५३८,००० |
| ३७ | ११ | २०७८-३-३१ | **दिवा खाजाः**<br>कार्यक्रम कार्यन्वयन पुस्तीका २०७७।०७८ को क्रियाकलाप न ७.२.११.१ मा दिवा खाजा कार्यक्रम अन्तर्गत स्थानीय तहले कार्यक्रम कार्यान्वियन गर्दा सामुदायिक विद्यालयमा प्रारम्भिक बाल विकास कक्षा देखि कक्षा ५ सम्म अध्ययनरत बाल बालिकाहरुका लागि उपलब्ध गराउन विद्यालयगत तथ्यांकका आधारमा साविकको कर्णाली अञ्चलका मुगु, डोल्पा, हुम्ला, जुम्ला, र कालिकोट जिल्लाका स्थानीय तहले प्रति विद्यार्थी दैनिक रु.२० का दरले १८० दिनका लागि विद्यालयको खातामा अनुदान निकासा दिने व्यवस्था छ ।पालिकाले २० विद्यालयलाई दिवा खाजा वापत रु.३१,०७,९००।०० अनुदान निकासा दिएको छ । स्थानीय तहले दिवा खाजा उपलब्ध गराईएका विद्यालयको विद्यार्थी दैनिक हाजिरी पुस्तिका (परीक्षामा सामेल भएको दिन समेत) को प्रतिलिपि विद्यायलका प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समिति अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा सङ्कलन गरी सङ्ख्या यकीन भए पश्चात मात्र अनुदान दिनुपर्नेमा सो संलग्न फाँटवारीमा नदेखिएकाले यसरी दिएको निकासा नियमसम्मत मान्न नसकिने रु. | ३,१०७,९०० |
| ३८ | ११ | २०७८-३-३१ | **पाठ्यपुस्तक रकम भुक्तानीः**<br>कार्यक्रम कार्यन्वयन पुस्तीका २०७७।०७८ को क्रियाकलाप न २.४.६.१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धमा IEMIS मा प्रविष्टि तथ्याङ्कलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसँग सत्यापन गराई सत्यापित विवरण शिक्षा अधिकृतबाट प्रमाणित गरी सोका आधारमा आवश्यक कक्षागत र विषयगत पाठ्यपुस्तकको संख्या यकिन गर्ने । यकिन संख्याका आधारमा दोस्रो चौमासिक भित्र विद्यालयहरुलाई अनुदान दिने । यसरी अनुदान दिँदा पहिलो पटकमा विद्यार्थी सङ्ख्याको ७५ प्रतिशत सङ्ख्यालाई मात्र अनुदान दिने । २०७८ बैशाखबाट सुरु हुने शैक्षिक सत्रको विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप अनुदान दिनु पर्ने व्यवस्था छ । पालिकाले ५६ विद्यालयलाई उल्लेखित प्रमाण तथा विवरण वेगर पाठ्यपुस्तकको थप रकम वापत रु.१४,५४,३३३।०० निकासा अनुदान दिएकाले विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरण प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु. | १,४५४,३३३ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>३९</td><td></td><td></td><td>वितरण भरपाईः<br>८।२०७७।१०।२५,४।२०७७।१०।२५, आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले किशोरीहरुलाई सेनेटरी प्याड वितरणका लागि कोटेशन मार्फत आपुर्ति गरे वापत चन्द्रमाला ईन्टरप्राईजेज एण्ड जनरल अर्डर सप्लार्यस वीरेन्द्रनगर सुर्खेतलाई रु.३१४,५४१।०० र ड्रागन मेडिटीच प्रा.लि लाई रु.३०१,१४५।०० गरी जम्मा रु.६१५,६८६।०० भुक्तानी गरेको छ । सेनेटरी प्याड ८२०० पिस लेखापरिक्षणका अवधि सम्म जिन्सी दाखिला नभएको तथा वितरण भएको भरपाई पेश भएको देखिएन । उक्त जिन्सी आम्दानी बाधि वितरण भरपाई समेत पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.</td><td>६१५,६८६</td></tr>
<tr><td>४०</td><td></td><td></td><td>कार्यसम्पन्न प्रतिवेदनः<br>सार्वजनिक खरिद नियमावली 2064 को नियम 117 मा सार्वजनिक निकायले सम्पन्न गरेको कामको कार्यस्विकार गर्दा कार्यस्विकार तथा नियम 125 अनुसार कार्यसम्पन्न प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत देहायका विद्यालयलाई निम्न कामको लागी रकम उपलब्ध गराएकोमा कार्यस्विकार तथा कार्यसम्पन्न प्रतिवेदन पेश नभएकोले सो को प्रमाण पेश गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ.नं,मिति</th><th>विद्यालयकोनाम</th><th>निर्माण कार्य</th><th>भुक्तानीरकम</th></tr>
<tr><td>१०।२०७८।३।३१</td><td>जनप्रियआवि</td><td>भवननिमार्ण</td><td>७०००००</td></tr>
<tr><td>१०।२०७८।३।३१</td><td>ज्ञानोदयआवि</td><td>भवननिमार्ण</td><td>३६०००००</td></tr>
<tr><td>०९।२०७८।३।३१</td><td>ज्ञानोदयमावि</td><td>राष्ट्रपतिशैक्षिकसुधारकार्यक्रमभवननिमार्ण</td><td>१८०००००</td></tr>
<tr><td>०९।२०७८।३।३१</td><td>सर्किदेवप्रावि</td><td>राष्ट्रपतिशैक्षिकसुधारकार्यक्रमभवननिमार्ण</td><td>१८०००००</td></tr>
<tr><td>०९।२०७८।३।३१</td><td>जनकल्याणआवि</td><td>राष्ट्रपतिशैक्षिकसुधारकार्यक्रमभवननिमार्ण</td><td>१८०००००</td></tr>
<tr><td>०९।२०७८।३।३१</td><td>सुर्योदयमावि</td><td>राष्ट्रपतिशैक्षिकसुधारकार्यक्रमभवननिमार्ण</td><td>६५००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१,०३,५०,०००।-</td></tr>
</table></td><td>१०,३५०,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>

**बढी निकासा –**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । विद्यालयको माग भन्दा बढी निकासा वा खर्च भएको रकम असुल उपर गरि दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th rowspan="2">विद्यालयकोनाम</th><th colspan="4">दोश्रोचौमासिक</th></tr>
<tr><th>माग</th><th>निकासा</th><th>बढीनिकासा</th><th></th></tr>
<tr><td>सुर्योदयमा.विश्रीनगरहुम्ला</td><td>१४५०९४१</td><td>१४९५९६२</td><td>४५०२१</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td colspan="2">४५०२१</td></tr>
</table>

</td><td>४५,०२१</td></tr>
<tr><td>४२</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी र पदपूर्ति** -

शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका २४ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th>सि.नं.</th><th>विद्यालयको नाम</th><th>शिक्षक दरबन्दी</th><th>पदपूर्ति</th><th>पदपूर्ति मध्ये करार</th><th>विद्यार्थी संख्या</th></tr>
<tr><td>१</td><td>आधारभुत तह</td><td>३९</td><td>३९</td><td>०</td><td>२१९०</td></tr>
<tr><td>२</td><td>माध्यमिक तह</td><td>११</td><td>८</td><td>०</td><td>३६७</td></tr>
<tr><td>३</td><td>उच्च माध्यमिक तह</td><td>४</td><td>४</td><td>०</td><td>६१</td></tr>
<tr><td></td><td>जम्मा</td><td>३४</td><td>५१</td><td>०</td><td>२६१८</td></tr>
</table>

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>४३</td><td></td><td></td><td>

**स्वास्थ्य तर्फ तलबि प्रतिवेदनः**

निजामती सेवा ऐन 2049 को दफा 7 ख 2 वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्वास्थ्य तर्फका ६ कर्मचारीहरुको तलवी प्रतिवेदन पारित नगरी रु.३५,३५,९७३।०० तलब खर्च लेखेको पाईयो । तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४४</td><td></td><td></td><td>

**सोझै खरिद –**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष स्वास्थ्य जन्य सामाग्री एउटै फर्मबाट पटक पटक खरिद भएको निम्नानुसार रु.१३,८८,५१७।०० को सोझै खरिद गरेको देखियो ।

<table>
<tr><th>गोभौनं/मिति</th><th>सप्लार्यसकर्ता</th><th>कार्य</th><th>भुक्तानीरकम</th><th></th></tr>
<tr><td>७।०७७।१०।२५</td><td>ड्रागनमेडिटिचप्रा.लि८सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>१४८७३६</td><td></td></tr>
<tr><td>१३।०७७।१०।२५</td><td>ड्रागनमेडिटिचप्रा.लि८सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>२०००००</td><td></td></tr>
<tr><td>१४।०७७।१०।२५</td><td>ड्रागनमेडिटिचप्रा.लि८सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>४९९६९७</td><td></td></tr>
<tr><td>१५।०७७।१०।२५</td><td>ड्रागनमेडिटिचप्रा.लि८सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>१५००००</td><td></td></tr>
<tr><td>१६।०७७।१०।२५</td><td>ड्रागनमेडिटिचप्रा.लि८सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>४१०००</td><td></td></tr>
<tr><td>३२।०७७।१०।२५</td><td>सिनर्जीफार्मेसीवीरेन्द्रनगर६सुर्खेत</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>९९०८४</td><td></td></tr>
<tr><td>४४।०७८।३।३१</td><td>नेपटेकमेडिकलसप्लार्यसप्रा०लिलाजिम्पाट</td><td>स्वास्थ्यजन्यसामाग्रीखरिद</td><td>२५००००</td><td></td></tr>
<tr><td colspan="3">जम्मा</td><td colspan="2">१३८८५१७</td></tr>
</table>

</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**बिल भरपाई वेगर भुक्तानीः**

आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय बमोजिमको गो.भौ.नं. र मितिमा बिल भरपाई वेगर भुक्तानी दिएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित व्यक्ति तथा फर्मबाट असुल गरी संचित कोषमा दाखिला गर्नुपर्ने रु.

<table>
<tr><th>गो.भौ.नंरमिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>३४।२०७८।३।२७</td><td>देवराज धमलाको पशुसेवा तर्फ कार्यक्रम खर्च रु३०००००।०० मा शितल एग्रोभेट ट्रेडिङ्ग सेन्टर ६ सुर्खेतबाट ३६० क्यारेट अण्डा रु.७०० का दरले खरिद गरी वितरण गरेको भरपाई पेश भएकोमा संलग्न फाँटवारीमा ४०५ जनालाई २५ कादरले १०१२५ अण्डा ३३८ क्यारेट वितरण भरपाई पेश भएकाले बाकी २२ क्यारेट अण्डा रु१५४००।०० को वितरण भरपाई नभएको हुदा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्नेरु</td><td>१५४००</td></tr>
<tr><td>११।२०७८।३।३१</td><td>विद्यालयलाई दिवाखाजा,पाठ्यपुस्तक,छात्रवृत्ति वापत रु६२४९०३३।०० भुक्तानी भएको मा संलग्न फाँटवारीमा रु६१००२३३।०० को विल भरपाई पेश भएकाले बाकी रु १४८८००।०० को विल भरपाई बेगर भुक्तानी भएको हुदा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्नेरु</td><td>१४८८००</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१६४,२००</td></tr>
</table>

</td><td>१६४,२००</td></tr>
<tr><td>४६</td><td></td><td></td><td>पशु सेवा तर्फः</td><td></td></tr>
<tr><td>४६.१</td><td>६</td><td>२०७८-३-२७</td><td>पालिकाले कृषकलाई पशु खरिद वापत रकम उपलब्ध गराउदा संझौता अनुसारको विमा हुनुपर्दछ । पालिका र बाख्राको साना व्यवसायिक कृषि उपभोक्ता समितिलाई २१ किसानलाई १०५ गोटा बाख्रा तथा ५ जना किसानलाई ५ वटा बोका किशोर बाख्रा विकास फर्म आलिताल गाउँपालिका १ डुमि डडेल्धुराबाट खरिद गरी वितरण गरेवापत देवराज धमलाको रु.१३,९४,०००।०० पेश्की फर्छ्यौट गराएको छ । पालिका र उपभोक्ता समिति विच मिति २०७८।१।५ मा सम्झौतामा दोश्रो पक्षले खरिद गरिएको पशुको विमा गराउनुपर्ने उल्लेख छ । तर खर्च संग संलग्न फाँटवारीमा विमा गरेको प्रमाण नदेखिएकोले सोको प्रमाण पेश हुनुपर्दछ ।</td><td></td></tr>
<tr><td>४६.२</td><td></td><td></td><td>देवराज धमलाको बाख्राको साना व्यवसायिक कृषि उपभोक्ता समितिलाई बाख्रा खरिद तथा वितरणका लागि लिएको पेश्की रु.१५,००,०००।०० मा किशोर बाख्रा विकास फर्म आलिताल गाउपालिका १ डुमि डडेल्धुराबाट बाख्रा खरिद गरि अण्डा ढुवानी गरेको भनि ढुवानीकर्ता विक्रम राज पाण्डेय डडेल्धुरालाई रु.१००,०००।०० भुक्तानी दिएको असम्वन्धित भरपाई पेश गरेकोले यस्तो खर्चको भुक्तानी दिन नमिल्ने हुनाले सो रकम असुल गरी संघीय संञ्चित कोषमा दाखिला गर्नुपर्ने रु.</td><td>१००,०००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td>७</td><td>२०७८-३-२७</td><td>विल भरपाई वेगर भुक्तानीः<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । देवराज धमलाको कृषकदर्ता व्यवस्थापन कार्यक्रमको तथ्यांक संकलन र दर्ता वापत रु.१५०,०००।०० को पेश्की फर्छ्र्यौटको संलग्न फाटबारीमा ४ जनाले १०५ का दरले ४२० घरधुरी संख्या प्रविष्टि गरे वापत रु.६३,०००।०० भुक्तानी दिएको भरपाई पेश भएको मा उक्त विवरण कहाँ प्रविष्टि गरेको हो सोको प्रमाण पेश नभएकाले सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी संघीय सञ्चित कोषमा दाखिला गर्नु पर्ने रु.</td><td>६३,०००</td></tr>
<tr><td>४८</td><td>३</td><td>२०७७-११-५</td><td>जिन्सी दाखिलाः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । पालिकाको पशु शाखा को शितल एग्रोभेट ट्रेडिङ्ग सेन्टरबाट सामान खरिद वापत रु.९१,३५०।०० खर्च लेखेको पाइयो । खरिद भएको जिन्सी सामानको जिन्सीमा दाखिला गरी लगत खडा गर्नुपर्नेमा पालिकाले लेखापरिक्षणको समय सम्म दाखिला गरेको प्रमाण देखिएन । दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>९१,३५०</td></tr>
<tr><td>४९</td><td></td><td></td><td>कृषि तर्फः बढी भुक्तानी भएको :<br>शशर्त अनुदान कार्यक्रमको समुह तथा सहकारीहरुलाइ विभिन्न कार्य सञ्चालनार्थ अनुदान दिएकोमा कार्यविधि तथा सञ्चालन निर्देशिका अनुसार कार्य प्रकृया, भुक्तानी तथा अनुगमन मुल्यांकन हुनु पर्दछ । पालिका बाट अनुदान रकम भुक्तानी गर्दा खर्चको पचास प्रतिशत रकम भुक्तानी दिनुपर्ने व्यवस्था छ । पालिकाले कृषि शाखा प्रमुख विनिता महताराको खाद्य तथा पोषण सुरक्षा पकेट कार्यक्रम खर्चको पेश्की फर्छ्र्यौट रु.२४,००,०००।०० मा दिनुपर्ने रकम भन्दा बढी रकम भुक्तानी दिई पेश्की फर्छ्र्यौट गरेकाले बढी भएको रकम निजबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.
<table>
<tr><th>गो.भौ,मिति</th><th>विवरण</th><th>पेशभएकोविलभरपाइ</th><th>कार्यालयलेदिनुपर्नेअनुदान(५०%)</th><th>कार्यालयबाटभुक्तानीभएको</th><th>बढीभएकोअसुलगर्नुपर्ने</th><th></th></tr>
<tr><td>४। २०७८। ३।२९</td><td>ओखरविरुवा७५०वटाखरिदतथावितरण</td><td>९१३,७५०</td><td>४५६,८७६</td><td>९१३,७५०</td><td>४५६,८७६।००</td><td></td></tr>
<tr><td>४। २०७८। ३।२९</td><td>स्याउकोविरुवा३०५०वटाखरिदतथावितरण</td><td>९३३,७५०</td><td>४६६,८७५</td><td>९३३,७५०</td><td>४६६,८७५।००</td><td></td></tr>
<tr><td colspan="5">जम्मा</td><td colspan="2">९२३,७५१।००</td></tr>
</table></td><td>९२३,७५१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५०</td><td></td><td></td><td>विल भरपाई वेगर भुक्तानीः<br>आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले कृषि शाखा प्रमुख विनिता महताराको खाद्य तथा पोषण सुरक्षा पकेट कार्यक्रम खर्चको पेश्की फर्छ्यौट रु.२४,००,०००।०० मा विल भरपाई वेगर पेश्की फर्छ्यौट गरेकाले निजबाट असुल गरी संघीय संचितकोषमा दाखिला गर्नुपर्ने रु.<br><br>
<table>
<tr><th>गो.भौ.नंरमिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>४।२०७८।३।२९</td><td>कृषि शाखा प्रमुख विनिता महताराको खाद्य तथा पोषण सुरक्षा पकेट कार्यक्रम खर्चको रु .२४,००,०००।०० पेश्की फछ्यौंट तथा भुक्तानीमा रु.२२,३९,०७५।०० को मात्र बिल भरपाई पेश भएकोमा रु.१,६०,९२५।०० को विल भरपाई बेगर पेश्की फछ्यौंट तथा भुक्तानी भएको हुदा असुल गर्नुपर्नेरु.</td><td>१६०९२५</td></tr>
<tr><td>४।२०७८।३।२९</td><td>कृषि शाखा प्रमुख विनिता महताराको खाद्य तथा पोषण सुरक्षा पकेट कार्यक्रम खर्चको रु.२४,००,०००।०० पेश्की फछ्यौंट तथा भुक्तानी मा संलग्न फाँटवारीमा वडानं५ को च्याडलर ओखर पकेट तालिम खर्च रु.१००,०००।०० मा रु.९२,८००।०० को विल भरपाई पेश भएकाले बाकी रु.७२००।०० र ९७८७ कर दाखिला भौचर को विल भरपाई बेगर भुक्तानी भएको हुदा विल भरपाई पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>१६९८७</td></tr>
<tr><td>४।२०७८।३।२९</td><td>कृषि शाखा प्रमुख विनिता महतारा को खाद्य तथा पोषण सुरक्षा पकेट कार्यक्रम खर्चको रु.२४,००,०००।०० पेश्की फछ्यौंट तथा भुक्तानी मा संलग्न फाँटवारी मा स्याउ पकेट तालिम सम्बन्धि कार्यक्रम खर्च रु.१००,०००।०० मा ९४०५ कर दाखिला भौचर को नदेखिएका ले दाखिला भौचर पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु</td><td>९४०५</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१८७,३१७</td></tr>
</table></td><td>१८७,३१७</td></tr>
<tr><td>५१</td><td>१</td><td>२०७७-१२-२६</td><td>झोलुङ्गे पुल मालसामानको निरीक्षण र स्वीकृतिः<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ (१) मा सार्वजनिक निकायले आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । पालिकाले झोलुङ्गे पुल सामान खरिद तथा ढुवानी वापत रु.१६,५५,५५३।०० सेफ स्टिल प्रा.लि चितवन नेपाललाई भुक्तानी दिएको छ । आपूर्ति गरिएका मालसामान सम्झौतामा उल्लिखित प्राविधिक स्पेसिफिकेशन र गुणस्तर बमोजिमका भए नभएको निरीक्षण वा परीक्षण गरेको प्रमाण पेश नभएकोले प्रमाण पेश गर्नुपर्ने रु.</td><td>१,६५५,५५३</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | ५ | २०७८-३-२९ | **विल भरपाई वेगर भुक्तानीः**<br>विल भरपाई वेगर भुक्तानीः ५।२०७८।३।२९, आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कृषि शाखा प्रमुख विनिता महतारा कृषकदर्ता व्यवस्थापन कार्यक्रमको तथ्यांक संकलन र दर्ता वापत रु.१,५०,०००।०० को पेश्की फछ्र्योट रु.१,०८,९६०।०० को मात्र बिल भरपाई पेश भएकोमा रु.४१,०४०।०० को विल भरपाई बेगर पेश्की फछ्र्योट भएको हुदा असुल गर्नुपर्ने रु. | ४१,०४० |
| ५३ | | | **उद्यम विकास कार्यक्रमः विल भरपाई वेगर भुक्तानीः** | |
| ५३.१ | ५ | २०७८-३-३१ | आर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । कालु भियालको कार्यक्रम खर्च वापत रु.२,८३,७६५।०० को पेश्की फछ्र्योट तथा भुक्तानीमा रु.२,२७,४१०।०० को मात्र बिल भरपाई पेश भएकोमा रु.५६,३५५।०० को विल भरपाई बेगर पेश्की फछ्र्योट तथा भुक्तानी भएको हुदा उक्त रकमको प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु. | ५६,३५५ |
| ५३.२ | | | आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २८(१) मा जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगदी रकमको हकमा सोही दिनमा वा सोको भोलीपल्ट र जिन्सी मालसामान भए सात दिनभित्र यथास्थानमा दाखिला गरी स्रेस्ता खडा गर्नुपर्ने व्यवस्था छ । कालु भियालले कार्यक्रम खर्च वापत रु.२,८३,७६५।०० को पेश्की फछ्र्योट तथा भुक्तानीमा २ थान मोवाईल तथा एक थान ल्यापटप खरिद वापत रु.१,२७,९८०।०० खर्च लेखेको पाइयो । खरिद भएको जिन्सी सामानको म.ले.प.फा.नं अनुसार जिन्सीमा दाखिला गरी लगत खडा गर्नुपर्नेमा पालिकाले लेखापरिक्षणको समय सम्म दाखिला गरेको प्रमाण देखिएन । दाखिला भएको प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धित बाट असुल गरी दाखिला गर्नुपर्ने रु. | १२७,९८० |
| ५४ | | | **औषधी खरिद –**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.३३२३६२९.०० का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु न्रिानुसार छनः | |

| भौ नं र मिति | विवरण | सप्लायर्स | रकम |
|---|---|---|---|
| १।०७७।८।१६ | औषधी खरिद | हिमालय मेडिसिन कन्सर्न | ४९२०५९।०० |
| १।०७७।८।१६ | औषधी खरिद | रारा मेडिसिन एण्ड सरजिकल डिष्ट्रिव्यूटर्स | ४९७६९० |
| ३।०७७।८।२१ | औषधी खरिद | रारा मेडिसिन एण्ड सरजिकल डिष्ट्रिव्यूटर्स | ४९९३७२।०० |
| | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | |
|---|---|---|---|
| ४।०७७।८।२२ | औषधी खरिद | हिमालय मेडिसिन कन्सर्न | ४९९६१०।०० |
| ५।०७७।८।२३ | औषधी खरिद | हिमालय मेडिसिन कन्सर्न | ४६३५०।०० |
| ९।०७८।२।४ | अक्सिजन कन्सन्ट्रेटर तथा एन्टिजिन किट खरिद | सरोज ट्रेड कन्सर्न सुर्खेत | ४७८९९९।०० |
| १०।०७८।२।४ | औषधी खरिद | सिनर्जी फार्मेसी | ९९९२३।०० |
| ११।०७८।२।४ | औषधी खरिद | सिनर्जी फार्मेसी को २ विल वाट | ६०१२६८।०० |
| १२।०७८।२।६ | औषधी खरिद | मनकामना ड्रग हाउस सुर्खेत | १०८३५८।०० |
| **जम्मा** | | | **३३२३६२९।००** |

- खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,
- आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,
- आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।
- औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको, औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **छहराखेत गतफ्रागाड लघुजलविद्युतः** | |
| ५५.१ | ३ | २०७८-३-२१ | छहराखेत गल्फ्राड लघुजलविद्युत निर्माण उपभोक्ता समितिलाई जलविद्युत को संरचना (Stone Mesonary wall 1:4) र आइरन प्लेट ढुवानी वपत कन्टेन्जेन्सी र मर्मत संम्भार कोष रु ६ लाख कट्टा गरी रु ६९०००००।०० भुक्तानी दिएकोमा निम्नानुसार कैफियत देखिन आयो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५.२ | | | सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम १ मा रु १ करोड रुपैया सम्म लागत अनुमान भएको काम उपभोक्तावाट गराउन सकिने उल्लेख छ । उपनियम १ क मा रु १ करोड सम्मको लागत अनुमानमा मूल्य अभिवृद्धि कर ओभरहेड कन्टिजेन्सी रकम र जनसहभागिताको अंश समेत रकम समावेश हुने उल्लेख छ । सोही व्यवस्था अनुसार कार्यालयले जनसहभागित र कन्टिन्जेन्सी सहितको लागत अनुमान रु.९०३१९७७.०० तयार गरेको छ । यसमा मूल्य अभिवृद्धि कर र ओभरहेड कार्य गर्दा कूल लागत अनुमान रु १ करोड भन्दा वढी हुने देखिएकोले उक्त कार्य नियम सम्मत भएको देखिएन । | |
| ५५.३ | | | आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायीत्व नियमावली २०७७ को नियम ३८ को उपनियम २ क मा वजेट खर्च गर्दा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित शिर्षकमा परेको हुनुपर्ने र खर्च गर्न वाँकी रहेको हुनुपर्ने उल्लेख छ । संघिय शसर्त अनुदानवाट प्राप्त रकम पालिकाले मर्मत संभार कोष वापत रु ३ लाख ७५ हजार छुट्याई उक्त रकम पालिकाले आफ्नो आम्दानी जनाएको देखिन आयो । उक्त रकम खर्च नभएका वर्षको अन्त्यमा संघिय संचित कोषमा फिर्ता गर्नुपर्नेमा त्यसै रहेकोले उक्त रकम संघिय संचित कोषमा दाखिला गर्नुपर्ने रु | ३७५,००० |
| ५६ | | | **उपभोक्ता समिति मार्फत कार्य लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **मुख्यमन्त्री रोजगार कार्यक्रम**<br>आर्थिक कार्यविधि तथा उत्तरदायित्व नियमावली २०७७ को निमय ३५(३) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि हुनेगरि विल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने उल्लेख छ । त्यस्तै मूख्यमन्त्री रोजगार कार्यक्रम निर्देशिका २०७७ मा श्रमिकलाई रकम भुक्तानी दिदा वास्तविक श्रमिकको वैंक खातामार्फत गर्नुपर्ने उल्लेख छ । पालिकाले उपलब्ध गराएको विवरण अनुसार १८ विभिन्न योजना संचालन गरेवापत कर कट्टी गरी रु.२६२०६०००।०० उपभोक्ताको खातामा रकम उपलब्ध गराएको देखियो । र उपभोक्ताले श्रमिकलाई रकम वुझाएकोमा सम्झौता कितावमा नाम, रकम र हस्ताक्षर सहितको विवरण छ । नियमले श्रमिकलाई रकम भुक्तानी गर्दा वैंक खातामार्फत गर्नुपर्नेमा सिधै रकम उपलब्ध गराउनु उपयुक्त देखिएन । साथै देहायको योजनामा उपभोक्ता समितिको खातामा रकम पठाएकोमा श्रमिकलाई वुझाएको भरपाई कम भएकोले यस सम्वन्धमा तहाँवाटै छानविन गरि वढी भुक्तानी रकम असूल गरी प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने रु. | ४,५४६,०२० |

| सि नं | उपभोक्ताको नाम | रोजगार संख्या | भुक्तानी रकम | रकम वुझाएको भरपाई | वढी रकम | |
|---|---|---|---|---|---|---|
| १ | वडा नं १ कार्यालय हुदै फडेरा गाउँ सडक निर्माण | ६८ | १९१३००० | १७५४४२० | १५८५८० | |
| २ | लामपस्म सुल्म खलसेरा हुदै बुमीडाडा सम्म कृषि सडक | ५८ | १९१३००० | १५३१५०० | ३८१५०० | |
| ३ | मछारी देखी विगोठी सम्म ग्रामिण सडक | ७२ | १८६५००० | ११४८९०० | ७१६१०० | |
| ४ | रिल्म विगोङ्हो हुदै भडारपानी सम्म सडक | ८० | १८६५००० | ११००७१० | ७६४२९० | |
| ५ | ठाडागाँउ देखि काँखेशारी गाँउ सम्म सडक | ८० | २०२५००० | ८८६००० | ११३९००० | |
| ६ | उदौनी देखि पाल्स लिस्मा सम्म ग्रामिण सडक | ५९ | २०२६००० | ११७७४५० | ८४८५५० | |
| ७ | कुकुर फल्ना देखि काँखे गाउँसम्म वाटो निर्माण | ७७ | १५००००० | ९६२००० | ५३८००० | |
| **जम्मा** | | | | | **४५४६०२०** | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | २ | २०७८-३-३१ | संझौता अनुसार पालिकाले उपभोक्ता समितिलाई रकम उपलब्ध गराउदा वास्तविक भएको कामको नापी तथा मूल्यांकन र कार्यसम्पन्न प्रतिवेदनको आधारमा प्राथमिक विद्यालयलाई भवन निर्माण गरे वापत रु.१९६६०००।०० भुक्तानी दिएको छ । उपभोक्ताले पेश गरेको विद्यालय भवनको फोटो, कार्य विल तथा कार्यसम्पन्न प्रतिवेदन परीक्षण गर्दा भवनमा प्लाष्टर गरेको देखिदैन । तर कार्यविल तथा कार्य सम्पन्न प्रतिवेदनमा १२.५ एम.एम.को १४८.३८ फिट प्लाष्टर गरेको देखाई रु.१२८२५१।१३ समेत भुक्तानी दिएको छ । यस सम्वन्धमा अध्यक्ष समेतको रोहवरमा छलफल गर्दा कार्य नहुदै भुक्तानी दिएकोमा हाल कार्य सम्पन्न भएको जानकारी दिएको छ । कार्यसम्पन्न नहुदै तयार गरेको नापी वास्तविक हुन नसक्नेहुदा सोको पुन नापी तथा छानविन गरी प्रतिवेदन पेश हुनुपर्ने रु. | १२८,२५१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **मर्मत कोष कट्टी**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३८ को उपनियम २(क) मा स्वीकृत वार्षिक वजेट तथा कार्यक्रम र सम्वन्धित खर्च शिर्षकमा परेको छ र खर्च गर्न वाँकी छ भने मात्र वजेट खर्च गर्न पाइने उल्लेख छ । पालिकाले प्रदेश सरकार सशर्ततर्फको मूख्यमन्त्री रोजगार कार्यक्रम अन्तरगतवाट देहायको योजनावाट मर्मत संभार कोषवाट रकम कट्टीगरी पालिकाको खातामा राखेको देखियो । यसरी सशर्ततर्फको रकम कट्टी गरी पालिकाको छुट्टै खातामा पठाउन पाउने आधार नदेखिएकोले उक्त रकम प्रदेश संचित कोषमा दाखिला गर्नुपर्नदे रु. | ५८३,००० |

| सि नं | आयोजनाको नाम | मर्मत संभार कोष कट्टी |
|---|---|---|
| १ | वडा नं १ कार्यालय हुदै फडेरा गाए वाटो | ९५६५०।०० |
| २ | लास्म सुल्म खलसेरा हुदै वुमी सडक | ९८३००।०० |
| ३ | मछाडी देखि विगोठी सम्म सडक | ९३२५०।०० |
| ४ | रिल्म विगोठी हुदै मडारपानीसम्म सडक | ९३२५०।०० |
| ५ | ठाडा गाँउ देखि काँखेवगर गाउँ सडक | १०१२५०।०० |
| ६ | उदौनी देखि पाल्स लिस्म सम्म सडक | १०१३००।०० |
| | **जम्मा** | **५८3000।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६० | | | **समानीकरण पूँजिगततर्फ**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (१) सार्वजनिक निकायले खरिद सम्झौता वमोजिम प्राविधिक नाप जाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा बिलको भुक्तानी गर्नुपर्दछ । पालिकाले ठाडा काट्ने देखि छाल सम्म वृहत सिंचाई आयोजना सम्झौता वमोजिम निर्माण व्यवसायी श्री आर.के विल्डर्सवाट गराएको पाइयो । उक्त आयोजनाको सम्झौता अनुसार नापि मुल्यांकन तथा विल अनुसार विल रकम रु.६७६२३६७।०० मा ५० प्रतिशत मूल्य अभिवृद्धि कर तथा अग्रीमकर कट्टा गरी रु.६२५१३७१।०० भुक्तानी हुनुपर्नेमा रु.६२८३६१०।०० भुक्तानी भएकोले वढी भुक्तानी भएको रु.३२२३९।०० सम्वन्धित निर्माण व्यवसायीवाट असूल हुनुपर्ने रु | ३२,२३९ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | १ | २०७८-३-३१ | **स्थानिय विकास पुर्वाधार**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ सार्वजनिक निकायले खरिद सम्झौता वमोजिम प्राविधिक नाप जाँच गरी वास्तविक लागतको आधारमा बिलको भुक्तानी गर्नुपर्दछ । पालिकाले उपभोक्ता समितिमार्फत निर्माण गरेको कुकुरफाल्ना देखि काँखे सम्म वाटो निर्माणमा नरम माटोको डोलिडारको नर्म्स तथा जिल्लादर रेट अनुसार रु.४६३.५० हुनुपर्नेमा रु.९२७.०० राखी रु.८९९.९४ घ.मी. को थप रु.४१७१२२.१९ भुक्तानी गरेको देखिएकोले वढी भुक्तानी भएको रकम असूल हुनुपर्ने रु. | ४१७,१२२ |
| ६२ | | | **बीमा**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११२(१) मा दश लाख रुपैंया भन्दा बढी मूल्यको निर्माण कार्य गर्न निर्माण व्यवसयीले निर्माण सामग्री, प्रयोग गरिने मेशिन, औजार वा प्लाण्ट लगायत निर्माण कार्यको पूर्ण प्रतिस्थापन खर्चको बीमा गराउनुपर्ने उल्लेख छ । पालिकाले निम्न योजनाहरु बोलपत्र माध्यमवाट संचालन गर्दा उक्त निर्माण कार्यमा बीमाको व्यवस्था गरेको देखिएन ।निर्माण कार्य संचालन गर्दा भौपरी आउने दुर्घटनावाट हुने क्षतिको क्षतिपुर्ती विमावाट हुने भएकोले यस तर्फ पालिकाले ध्यान दिनुपर्दछ | |

| **भौ नं र मिति** | **योजनाको नाम** | **निर्माण व्यवसायी** | **सम्झौता रकम** |
|---|---|---|---|
| ६-०७८।३।३० | स्वास्थ्य सेवा भवन | नमूलि निर्माण सेवा | ४२०५२०९।०० |
| ५-०७८।३।३० | दोगडी देखी ठाडा काट्ने वृहत सिंचाइ | श्री आर.के. विल्डर्स | ६७६२३६७।७२ |
| ४२-०७८।३।३१ | मदन भण्डारी लोकमार्ग | रलिङग सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. | १६३८४५३७।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **परामर्श खर्च**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम ८५(१ख) एक आर्थिक एकै पटक वा पटक पटक एउटै फर्मवाट सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाको निम्न २ योजनाको एकै फर्मवाट सोझै कोटेशन मार्फत परामर्श सेवा लिई रु.३५२१६५५।०० भुक्तानी गरेको नियम सम्मत नदेखिएको रु | ३,५२१,६५५ |

| **भौचर नं** | **योजनाको नाम** | **परामर्शदाता** | **रकम** |
|---|---|---|---|
| २९।०७७।११।२० | १५ सैया अस्पताल निर्माण | हिमालयन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १५२९९९६।०० |
| ३५।०७७।१०।२ | मदन भण्डारी मार्ग | हिमालयन इन्जिनियरिङ्ग कन्सल्टेन्सी | १९९१६५९।०० |
| **जम्मा** | | | **३५२१६५५।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ६४ | | | **सोलार खरिद-**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावली २०६४ मा रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझैखरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष सोलार खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु.१४४०५००.०० को सोझै खरिद गरेको नियम सम्मत नदेखिएको रु | १,४४०,५०० |

| भौ नं र मिति | सप्लायर्स | रकम |
| --- | --- | --- |
| ३४।०७७।९।१४ | मनिकेज उर्जा सुर्खेत | ४५९०००।०० |
| ३३।०७७।९।१४ | मनिकेज उर्जा सुर्खेत | ४१५७००।०० |
| ३३।०७७।९।१४ | मनिकेज उर्जा सुर्खेत | ५६५७००।०० |
| जम्मा | | १४४०५००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६५ | | | **धरौटी कट्टा नभएको**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ (४) मा सार्वजनिक निकायले बिल भुक्तानी गर्दा धरौटी वापत रनिङ वा बीजकमा उल्लिखित रकमको पाँच प्रतिशत रकम कट्टा गरी राख्नुपर्ने उल्लेख छ । पालिकाले निम्न योजनाको रनिङ्ग विल भुक्तानी गर्दा धरौटी वापत कट्टा गर्नुपर्ने रु.२४६४२५८।९० नकाटी भुक्तानी गरेको साथै उक्त योजनाको त्रुटी सच्याउने अवधी समेत समाप्त नभएकोले पालिकाले यस तर्फ ध्यान जानुपर्ने देखियो । | |

| भौ नं र मिति | योजनाको नाम | निर्माण व्यवसायी | बील रकम | धरौट रकम |
|---|---|---|---|---|
| ६-०७८।३।३० | स्वास्थ्य सेवा भवन | नमूलि निर्माण सेवा | ४२०५२०९।०० | २१०२६०।४५ |
| ५-०७८।३।३० | दोगडी देखी ठाडा काट्ने वृहत सिंचाइ | श्री आर.के. विल्डर्स | ६७६२३६७।७२ | ३३८११८।३५ |
| ४२-०७८।३।३१ | मदन भण्डारी लोकमार्ग | रलिङग सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. | १६३८४५३७।०० | ८१९२२६।८५ |
| स्थानिय विकास पुर्वाधार तर्फ | | | | |
| २।०७८।३।३० | ठाडा काट्ने देखि छाल सम्म वृहत सिचाइ आयोजना | रलिङग सप्लायर्स एण्ड कन्सट्रक्सन प्रा.लि. | ६७३७७७५।०० | ३३६८८८।७५ |
| ३।०७८।३।३० | इलाका स्वास्थ्य चौकी भवन निर्माण | मदान्देव कन्सट्रक्सन प्रा लि | ४३५४१८५।०० | २१७७०९।२५ |
| | प्रदेश समपुरक | | | |
| २।०७८।३।३० | करगाई देखि हानदेउ सम्म सडक | पि.वि. कन्सट्रक्सन प्रा. लि. | ३२९८०००।०० | १६४९००।०० |
| ३।०७८।३।३० | दोगडी देखी ठाडा काट्ने वृहत सिंचाइ | पि.वि. कन्सट्रक्सन प्रा. लि. | ३३१७२१५।०० | १६५८६०।७५ |
| | प्रदेश विशेष अनुदान | | | |
| २।०७७।११।१७ | सुर्योदय मा वि भवन घेरावार | पि.वि. कन्सट्रक्सन प्रा. लि. | ४२२५९१८।०० | २११२९५।९० |
| जम्मा | | | | २४६४२५८।९० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **बिल भरपाई नभएको**<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सावारिसाधन खरिद वापत SI Trade & Supplier लाई रु.२०९५०००।०० भुक्तानी गरेकोमा के सामान वा सवारी साधन खरिद गरेको हो सोको विवरण तथा विल विजक वेगर भुक्तानी भएकोले खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु. | २०९,५०० |
| ६७ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च २ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ५ प्रतिशतका दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |
| ६८ | | | **कार्य सम्पन्न प्रतिवेदन** -<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन । | |
| ६९ | | | **सार्वजनिक परीक्षण** -<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिताको प्रबद्रधन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ । गाउपालिकाले सामाजिक परीक्षण परिक्षण गर्ने गरेको देखिएन । | |
| ७० | | | **बिल भरपाई नभएको** -<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (९) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्नानुसारको खर्च भुक्तानी गर्दा विल भर्पाई नपुग भएको देखिएकोले उक्त खर्च पुष्टि हुने प्रमाण पेश हुनुपर्ने अन्यथा उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु...<br><br>भौ नं र मिति \| कार्यक्रम / विवरण \| रकम \| कैफियत<br>३१४।०७८।३।३१ \| कृषि कार्यक्रम \| १०६०००।०० \| विनिता महतराले वुझेको | ३,३५०,००२ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ३०७।०७८।३।३१ | भ्रमण खर्च – श्री कल्पणा ढकाल | १६०००।०० | भ्रमण आदेश र भ्रमण विल नभएको | |
| | | | | फिल्ड सहायक श्री धनकृष्ण फडेरा | १६०००।०० | भ्रमण आदेश र भ्रमण विल नभएको | |
| | | | ३००।०७८।३।३१ | फर्निचर एण्ड फिक्सचर | ९४३८४।०० | सिलिपिङ व्याग १५ थान व्याग ३४ थान खरिद गरेकोमा वितरण गरेको भरपाई नभएको | |
| | | | २९९।०७८।३।३१ | अनुगमन मुल्यांकन | २४६००।०० | विल भरपाई नभएको (भौचर मात्र ) | |
| | | | २७।०७७।६।१३ | मसलन्द तथा कार्यालय सामग्री | ५०००००।०० | विल,भरपाई तथा प्रयोजन उल्लेख नगरी जनक फडेरालाई भुक्तानी | |
| | | | २८।७७।६।१३ | मसलन्द तथा कार्यालय सामग्री | ६०००००।०० | विल,भरपाई तथा प्रयोजन उल्लेख नगरी मदन वुढालाई भुक्तानी | |
| | | | ३७ र ३८ | विद्यालय पोशाक | १००००००।०० | विद्यालय पोशाकको लागि कोट निर्माण सेवालाई भुक्तानी गरेकोमा पोशाक निर्माण गरि वितरण गरेको प्रमाण पेश भएन | |
| | | | ८६।०७७।८।१३ | मसलन्द तथा कार्यालय सामग्री | १०००००।०० | विल,भरपाई तथा प्रयोजन उल्लेख नगरी पदम बहादुर वुमीलाई भुक्तानी | |
| | | | ६७।०७७।७।३ | सुचना प्रणाली तथा सफ्टवयर संचालन | २०००००।०० | के सफ्टवयर खरिद गरेको उल्लेख नभएको । विल समेत पेश नभई नेपाल वोटलाई भुक्तानी | |
| | | | ७०।०७७।७।३ | विविध खर्च | २०४०००।०० | आर्थिक सहयोग वापत भुक्तानी तथा निर्णय नभएको | |
| | | | १९।०७७।६।१२ | मसलन्द तथा कार्यालय सामान | १२९९१४।०० | रु. २५१७८१।०० भुक्तानी गरेकोमा रु. १२१८६७।०० को मात्र विल भरपाई पेश भएकोले विल भन्दा वढी भुक्तानी | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | ५०।०७७।६।२७ | विविध | २०७४०।०० | रु.१३००००।०० भुक्तानी गरेकोमा रु.१०९२६०।०० को मात्र विल भरपाई पेश भएकोले विल भन्दा वढी भुक्तानी | |
| | | | ५४।०७७।६।२८ | मसलन्द तथा कार्यालय सामान | १००००।०० | रु.८५८००।०० भुक्तानी गरेकोमा रु.७५७००।०० को मात्र विल भरपाई पेश भएकोले विल भन्दा वढी भुक्तानी | |
| | | | ६३।०७७।७।२ | विविध | २६६००।०० | विल भरपाई पेश नभएको | |
| | | | ६६।०७७।७।३ | विविध | १०००००।००| विल भरपाई पेश नभएको | |
| | | | ८०।०७७।७।२७ | भ्रमण खर्च | ३१२६४।०० | रु.८८२९९।०० भुक्तानी गरेकोमा रु.३१२६४।०० को मात्र विल भरपाई पेश नभएको | |
| | | | १२२।०७७।१०।२९ | विविध खर्च | २५०००।०० | प्रबन्ध फडेरालाई भुक्तानी गरेकोमा विल भरपाई पेश नभएको | |
| | | | १२४।०७७।१०।२१ | विवध खर्च | १४५५००।०० | भ्रमण खर्च रु.५५५००।०० तथा मेसेनरी तथा औजार वापत रु. ९००००।०० दल फडेरालाई भुक्तानी गरेकोमा विल भरपाई पेश नभएको | |
| | | | | जम्मा | ३३५०००२।०० | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **अनुगमन भत्ता** -<br>कर्णाली प्रदेश स्थानिय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा समवन्धि ऐन 2077 को दफा ३ को अनुसुची १ र २ वमोजिम अनुगमन खर्च मासिक भुक्तानी हुने भएकोले थप छुट्टै अनुगमन खर्च नपाउने तथा कार्यालयमा कार्यरत कर्मचारी आफ्नो कार्यालय र मातहतका कार्यको अनुगमन गरेकोमा भत्ता खर्च पाउने व्यवस्था छैन । पालिकाले संचालन गरेको विभिन्न आयोजना तथा कार्यक्रममा अनुगमन गरेवापत ऐन विपरित पदाधिकारीलाई अनुगमन खर्च लेखेको नियम सम्मत नदेखिएको रु. | ६४१,५०० |

| **भौ नं र मिति** | **विवरण** | **रकम** |
|---|---|---|
| ३२०- 207८/3/३१ | पदाधिकारी तथा कर्मचारी अनुगमन | ५२९०००।०० |
| १९८- 2077/११/१७ | पदाधिकारी तथा कर्मचारी अनुगमन | ११२५००।०० |
| **जम्मा** | | **६४१५००।००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७२ | | | **ढुवानी खर्च** -<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९ (५) मा खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विभिन्न ढुवानी वापत विभिन्न सेवा प्रदायक तथा व्यक्तिलाई खर्च भुक्तानी गर्दा ढुवानी गरेको तौल प्रमाणित सहित विल भरपाई पेश हुनुपर्नेमा तौल विवरण तथा विल भरपाई वेगर खर्च भुक्तानी गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने रु... | ३,७१९,००० |

| भौ नं र मिति | विवरण | रकम |
|---|---|---|
| १७०।०७७।९।२१ | ढुवानीको विवरण वेगर सिता एयर प्रा.लि. को विल मात्र पेश गरि भुक्तानी | ३३४०००।०० |
| १९७ | ढुवानीको विवरण तथा विल भरपाई वेगर सिता एयर प्रा.लि.लाई भुक्तानी | ३३५०००।०० |
| २१०।०७७।११।२० | विल भर्पाँई वेगर पदम बहादुर वुमीलाई भुक्तानी | ५०००००।०० |
| १६९ | विल भरपाई वेगर भुक्तानी | ५०००००।०० |
| १६८ | विल भर्पाँई वेगर टोक नारायण चालिसेलाई भुक्तानी | ५०००००।०० |
| १६७ | विल भरपाई वेगर भुक्तानी | ५०००००।०० |
| २१७ | ढुवानीको विवरण वेगर भुक्तानी | १०५००००।०० |
| | जम्मा | ३७१९०००।०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७३ | | | **स्थानिय भत्ता** -<br>निजामती सेवा नियमावली २०४९ अनुसार स्थायी कर्मचारीलाई तोके अनुसारको जिल्लाहरुमा स्थानिय भत्ता पाउने व्यवस्था रहेकोमा गाउपालिकाले करार कर्मचारी खा पा स टे मंगल भण्डारीलाई स्थानिय भत्ता भुक्तानी गरेको देखिएकोले उक्त रकम सम्वन्धितवाट असूल हुनुपर्ने रु. | ७०,९२० |
| ७४ | | | **वढी भुक्तानी** -<br>निजामती सेवा नियमावली २०४९ अनुसार कर्मचारीले एक आर्थिक वर्षमा एक महिना वरावरको पारिश्रमिक चाडपर्व खर्च पाउने उल्लेख भए अनुसार आई.टि.अफिसर सुरेन्द्र फडेरालाई ९ महिनाको स्थानिय भत्ता रु.१३१८५०।०० भुक्तानी गर्नुपर्नेमा रु.२६३७००।०० भुक्तानी भएकोले वढी भुक्तानी असूल हुनुपर्ने रु. | १३१,८५० |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७५</td><td></td><td></td><td>

**आयकर कट्टि** -<br>
आयकर ऐन २०५८ को दफा ८७ र ८८ अनुसार पारिश्रमिक कर कट्टा गर्नुपर्नेमा कट्टा भएको नदेखिएकोले पारिश्रमिक कर असूल गरि राजस्व दाखिला हुनुपर्ने रु.१५३६४६।००

<table>
<tr><th>भौ नं</th><th>कर्मचारीको नाम</th><th>जम्मा भुक्तानी</th><th>कर रकम</th></tr>
<tr><td>१</td><td>अध्यक्ष श्री दल फडेरा</td><td>७७४४५०।००</td><td>५७३३५</td></tr>
<tr><td>२</td><td>उपाध्यक्ष श्री सौमती रावल ऐरी</td><td>६९००५०।००</td><td>३८०१०</td></tr>
<tr><td>३</td><td>सुरेन्द्र फडेरा</td><td>७७७६७०।००</td><td>५८३०१</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१५३६४६।००</td></tr>
</table>
</td><td>१५३,६४६</td></tr>
<tr><td>७६</td><td></td><td></td><td>

**भ्रमण खर्च :**<br>
कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

<ul>
<li>अधिकांश भ्रमणको उद्वेश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।</li>
<li>नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।</li>
<li>भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।</li>
<li>कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।</li>
<li>स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।</li>
</ul>

अतः स्पष्ट प्रयोजन र उद्वेश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>

**पेश्की बाँकी :**<br>
आर्थिक वर्षको अन्त्य सम्ममा फछ्र्यौट गर्न वाँकी रहेको सामाजिक सुरक्षा खर्च वापत हेल्थ असिस्टेन्ट रामशरण थापालाई दिएको पेश्की रु.३८२८८३३१/- फछ्र्यौट हुनुपर्ने रु
</td><td>३८,२८८,३३१</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७८</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ । सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा सम्परीक्षणका लागि अनुरोध भै आएको छैन । बेरुजू फछ्र्यौट गर्ने गराउने तर्फ पालिकाको ध्यान जानु पर्दछ ।<br>अद्यावधिक वेरुजु - यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ
<table>
<tr><th>गत वर्षसम्मको बाँकी बेरुजू (A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B)</th><th>यो वर्ष कायम बेरुजू(C)</th><th>संपरीक्षणबाट कायम बेरुजू(D)</th><th>अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D)</th></tr>
<tr><td>७५१४२</td><td>०</td><td>8697६</td><td>०</td><td>१६३४७०</td></tr>
</table></td><td></td></tr>
</table>